निर्वाचन आयोग
# प्रदेश निर्वाचन कार्यालय
कोशी प्रदेश विराटनगर

Email Address
deo.morang@election.gov.np
फोन नं. : 021-474990
विराटनगर-१० तिनटोलिया

प.सं. :- २०८२/८३
च.नं. :- 06

मितिः २०८२/०४/०९

विषयः बसाई सरी गएका तथा मृत्यु भएका तर मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरुको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

**अत्यन्त जरुरी**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यूहरु,**
**सबै स्थानीय तहहरु, मोरङ जिल्ला ।**

प्रस्तुत विषयमा अन्तिम मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि यस जिल्लाका सबै स्थानीय तहका सबै वडाहरुमा मिति २०८२/०४/१४ देखि २०८२/०५/२५ गतेसम्म **मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२** सञ्चालन हुने व्यहोरा यस कार्यालयको मिति २०८२/०४/०९ गतेको पत्रबाट जानकारी गराइएको छ । उक्त कार्यक्रमका लागि कार्यक्रमको सूचना तथा अनुसूची फारामहरु समेत पठाइ सकिएकोले निर्वाचन आयोगको निर्धारित कार्यक्रममा उल्लेखित क्रियाकलापहरु सबै वडाहरुमा संलग्न अनुसूची -१ बमोजिम तोकिएकै मितिमा सञ्चालन हुनका साथै निर्वाचन आयोगको वेवसाइट https://election.gov.np मा प्रकाशित मतदाता नामावली हेरी **मिति २०८२/०१/०१ गते देखी २०८२/०३/१६ गते सम्म बसाई सरी गएका र मृत्यु भएका तर मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरुको** स्थानीय पञ्जिकाधिकारीहरुबाट प्रमाणित विवरण संलग्न अनुसूची -७ को ढाँचामा उल्लेख गरी मिति २०८२/०४/२९ गते भित्र यस कार्यालयको ईमेल ठेगाना **deo.morang@election.gov.np** मा अनिवार्य पठाउने व्यवस्था मिलाइदिनु हुनका लागि अनुरोध छ ।

चोलाराज दंगाल
नि. प्रदेश निर्वाचन अधिकारी
निमित्त प्रदेश निर्वाचन अधिकारी